
## अपाङ्गताको परिभासा र बर्गिकरण



Satish chendra Jha
Rajbiraj

# अपाङ्गताको परिभासा र बर्गिकरण

## अपाङ्गताको परिभाषा

"शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारसमेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्था अपाङ्गता हो ।" ***अपाङ्गताको परिभाषा, २०६३/५/२०(राजपत्र), अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी ऐन २०७४***

## अपाङ्गताको प्रकार:

१. Physical Disability (शारीरिक अपाङ्गता)

२. Visual Disability (दृष्टि सम्वन्धी अपाङ्गता)

(क) दृष्टिविहिनता (ख) न्युनदृष्टियुक्त (ग) पूर्ण दृष्टिविहिन

३. Hearing Disability (सुनाइ सम्वन्धी अपाङ्गता)

(क) वहिरा (ख) सुस्त श्रवण

४. Deaf-blindness (श्रवण दृष्टिविहिन अपांगता)

५. Speech Disability (स्वर तथा वोलाइ सम्वन्धी अपाङ्गता)

६. Scio social Disability (मानसिक या मानोसामाजिक अपाङ्गता)

७. Intellectual Disability वौद्धिक अपाङ्गता

८. Autism अटिज्म सम्बन्धि अपाङ्गता

९. Hemophilia अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता

१०. Multiple Disability (वहु अपाङ्गता)

## शारीरिक अपाङ्गता

१. स्नायु, मांशपेशी र जोर्नीहरू तथा हड्डीको बनावट एवं सञ्चालन कार्यहरूमा भएको समस्याका कारणवाट व्यक्तिमा शारीरिक अङ्गहरुको सञ्चालन, प्रयोग र हिँडडुलमा आएको समस्या शारीरिक अपाङ्गता हो । जस्तै : वाल पक्षघात (पोलीयो), मस्तिष्क पक्षघात (Cerebral Palsy) मांशपेशी विचलन (Muscular Dystrophy), जोर्नी र मेरुदण्ड सम्वन्धि स्थाइ समस्या, क्लब फीट, पाइताला फर्केको, रिकेट्स, हड्डीसम्बन्धी सम्बन्धी समस्याका कारण उत्पन्न अशक्तता इत्यादी शारीरिक अपाङ्गता हो । होचापुड्काहरू (WHO) को परिभाषा अनुसार पनि यस वर्गीकरणमा पर्दछन् ।

## २. दृष्टि सम्वन्धी अपाङ्गता

दृष्टि सम्वन्धी समस्याका कारण व्यक्तिमा कुनै पनि वस्तुको आकृति, आकार, रूप रंगको ज्ञान नहुने स्थिति दृष्टि सम्वन्धी अपाङ्गता हो । यो निम्न ३ प्रकारको हुन्छ ।

(क) दृष्टिविहीनता: औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि दुबै आँखाले हातको औंला दश फिटको दूरीबाट छुट्याउन नसक्ने वा स्नेलेन चार्टको पहिलोलाइनको अक्षर(३/६०) मा पढ्न नसक्ने व्यक्ति ।

(ख) न्यूनदृष्टियुक्त: औषधि, शल्यचिकित्सा, चस्मा वा लेन्सको प्रयोगबाट पनि बीस फिटको दूरीबाट हातको औंला छुटयाउन नसक्ने वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर (६/१८) मा पढ्न नसक्ने ।

(ग) पूर्ण दृष्टिविहीन: पूर्ण रुपमा उज्यालो वा अँध्यारो छुट्याउन नसक्ने व्यक्ति ।

## ३. सुनाइ सम्वन्धी अपाङ्गता

सुनाइका अङ्गहरूको वनावट एवं स्वरको पहिचान, स्थान उतारचढाव, तथा स्वरको मात्रा र गुण छुट्याउने कार्यमा व्यक्तिमा भएको समस्या सुनाई सम्वन्धी समस्या हो । यो निम्न २ प्रकारको हुन्छ ।

- वहिरा : नसुन्ने, अस्पष्ट वोल्ने वा वोल्न नसक्ने र संचारका लागि सांकेतिक भाषा प्रयोग गर्नुपर्ने व्यक्ति वहिरा हो । ८० डेसिवल भन्दा माथिको ध्वनि पनि सुन्न नसक्ने व्यक्तिलाई वहिरा भनिन्छ ।
- सुस्त श्रवण : कान कम मात्र सुन्ने तर कम सुनेर सफासँग वोल्न सक्नेऽ सुन्नलाई कानमा श्रवणयन्त्र राख्नुपर्ने व्यक्ति सुस्त श्रवण व्यक्ति हो । ६५ डेसिवल देखी ८० डेसिबल सम्मको ध्वनी सुन्न सक्ने व्यक्तिलाई सुस्त श्रवण भनिन्छ ।

## ४. श्रवणदृष्टिविहीन

- श्रवण र दृष्टिविहीनता दुवै भएको व्यक्ति श्रवणदृष्टिविहीन अपाङ्ग मानिनेछ ।

५. स्वर तथा वोलाइ सम्वन्धी अपाङ्गता

- स्वर र बोलाइ सम्बन्धी अङ्गमा उत्पन्न कार्यगत सीमितताका कारण तथा बोल्दा स्वरको उतार चढावमा कठिनाइ, बोली स्पष्ट नहुने, बोल्दा शब्द वा अक्षर दोहोर्याउने व्यक्ति

स्वर-वोलाइ सम्वन्धी अपाङ्गतालाई सजिलोसँग वुझ्न

- सुन्न सक्ने तर स्वर र वोलीमा मात्र समस्या भएको
- ओठ र तालु फाटेको कारणले बोल्न वा शब्द उच्चारण गर्नमा कठीनाइ हुने । आवाज नाकतिर गएजस्तो लाग्ने ।
- घाँटीमा भएको स्वर यन्त्रमा आएको खरावी दीर्घकालीन समस्याको कारण वोल्न नसक्ने अवस्था भएको ।
- जीव्रोमा समस्या भएको कारणले वोल्न नसक्ने अवस्था ।
- कृतृम स्वर यन्त्र प्रयोग गर्नुपर्ने ।
- अक्षर वा शब्द दोहोर्याएर वा भकभकाएर वोल्ने

६. मानसिक वा मनोसामाजिक अपाङ्गता

मस्तिष्क र मानसिक अङ्गमा आएको समस्या तथा सचेतना, अभिमुखीकरण, स्फुर्तीस्मरणशक्ति, भाषा, गणनाजस्ता बौद्धिक कार्य सम्पादनका सन्दर्भमा आउने समस्याको कारणले उमेर र परिस्थिति अनुसार व्यवहार गर्न समस्या हुने अवस्थाको व्यक्ति ।

## ७. बौद्धिक अपाङ्गता:

- उमेरको वृद्धिसँगै बौद्धिक सचेतनाको विकास हुन नसकी बौद्धिक विकास नभएका कारणले उमेर वा वातावरणमा सापेक्ष क्रियाकलाप गर्न समस्या हुने अवस्थाको व्यक्ति । (जस्तो: डाउन्स सिन्ड्रोम समेत)

### ८.अनुवंशीय रक्तश्राव (हेमोफिलिया) सम्बन्धी अपाङ्गता:

- अनुवंशीय असरका कारण रगतमा हुने फ्याक्टरमा विचलन आई रगत जम्ने कार्यमा समस्या उत्पन्न हुने शारीरिक अवस्थाको व्यक्ति ।

### ९. अटिज्म सम्बन्धी अपाङ्गता:

- जन्मजात नशा वा तन्तुको विकास र सोको कार्यमा आएको समस्या भएको व्यक्ति । (जस्तो: सञ्चार गर्न, सामान्य सामाजिक नियम बुझ्न र प्रयोग गर्न कठिनाई हुने तथा उमेरको विकाससँगै सामान्य व्यवहार नदेखाउन, अस्वभाविक प्रतिक्रिया देखाउन, एउटै क्रिया लगातार दोहोर्याइ रहनु, अरूसँग घुलमिल नहुनु वा तीव्र प्रतिक्रिया गर्ने व्यक्ति ।

## १०.बहुअपाङ्गता:

- एउटै व्यक्तिमा माथि उल्लिखित दुई वा दुईभन्दा बढी प्रकारका अपाङ्गताको समस्या भएको व्यक्ति । (जस्तै: मस्तिष्क पक्षघात आदि)

### गंभिरताको आधारमा अपाङ्गताको वर्गीकरण

(क) Complete Disability (पूर्ण अपाङ्गता)
(ख) Sever Disability (अति अशक्त अपाङ्गता)
(ग) Moderate Disability (मध्यम अपाङ्गता)
(घ) Mild Disability (सामान्य अपाङ्गता)

## पूर्ण अशक्त अपाङ्गता




•अरुको सहायता लिएर पनि आफ्ना सामान्य दैनिक कृयाकलापहरू समेत आफै गर्न नसक्ने । जस्तै खाने, उठने ,वस्ने, दिसा पिसाव गर्ने, सुत्ने, लगायत शरीरका अंगहरू चलाउने आदि काम समेत अरुको सहायताले गर्नुपर्ने अवस्था ।
•निरन्तर रुपमा व्यक्तिगत सहयोगी आवश्यक परिरहने अवस्था ।

रातो


## अति अशक्त अपाङ्गता




अरुको सहायता निरन्तर लिएर आफ्ना सामान्य दैनिक कृयाकलाप देखी लिएर सार्वजनिक जीवनमा समेत सहभागि हुन सक्ने अवस्था ।
जस्तै पूर्ण दृष्टिविहिन, पूर्ण वहिरा, ह्वीलिचयर प्रयोग गर्नुपर्ने व्यक्ति, कम्मदेखी तल पुरै नचल्ने वा अङ्ग नभएको अवस्थाका व्यक्ति , दुवै हात पाखुरा मुनी पुरै गुमाएका, दुवै खुट्टा गुमाएका, सिकाइमा समस्या भएका

निलो

## मध्यम अपाङ्गता




कृतृम अङ्ग वा सहायक सामग्रीको प्रयोग गरि आफ्नो दैनिक कामहरू आफै गर्न सक्ने ।
घुँडा मुनिको अंगमा मात्र प्रभाव परेको
खुट्टामा समस्या भएपनि स्वतन्त्र रुपमा हिँडडुल गर्न सक्नेऽ कुर्कुच्चा भन्दा मुनिको भाग नभएको ।
मेरूदण्डमा समस्या भइ ढाड कुप्रीएका
स्रवणयन्त्रको प्रयोग गरि सुन्न सक्ने
हत्केलाभन्दा मुनि कम्तिमा वुढी औँला र चोर औँला नभएका
घाँटीवाट स्वरयन्त्र निकालिएका र कृतृम स्वरयन्त्र प्रयोग गरिरहेका
तिव्र भकभके व्यक्ति
तीनफीट भन्दा मुनिका होचापुडका व्यक्ति
श्रवणयन्त्र प्रयोग गरेर मात्र सुन्न सक्ने
लेन्स वा म्याग्निफायरको प्रयोगले मात्र अक्षर पढ्न सक्ने ।

पहेंलो

## सामान्य अपाङ्गता




शारीरका अङ्गहरूमा सामान्य समस्याहरू रहको भएतापनि दैनिक जीवन संचालनमा खासै कठीनाइ नभएका ।
हात वा खुट्टा केहि छोटो भएका तर हिँडडुल गर्न सक्ने ।
ठुलो अक्षर पढन सक्ने न्युन दृष्टियुक्त व्यक्ति हत्केला मुनिका कम्तिमा चोर औँला र वुढिऔँला भएका ।
खुट्टाका औँलाका भागहरू नभएका
श्रवणयन्त्र नलगाइ पनि ठुलो आवाज सुन्न सक्ने ।
सिक्न सक्ने अवस्थाका तर सिकाइमा ढिलो हुने ।

सेतो

**अपांगता परिचयप्राप्त गरीसकेपछि राज्यबाट पाउने सेवा सुविधाहरुः**

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दछन् रातो कार्डले २००० र निलो कार्ड ले ६०० भत्ता पाउने
- शारीरिक अपांगता भएका व्यक्तिले प्रयोग गर्ने चार चक्के स्कुटरमा शत प्रतिशत कर छुट
- सरकारी र सामुदायिक स्कुल कलेजमा निकुल्क अध्ययन र छात्रबृत्तिको व्यवस्था
- निशुल्क औषधि उपचारको तथा सहायक सामग्रिको व्यवस्था
- उद्योग व्यापार व्यवसाय गर्दा कर छुटको व्यवस्था
- लोकसेवा आयोगमा ५ प्रतिशत आरक्षणको व्यवस्था साथै ४० वर्ष सम्म उमेरको हद (महिला पुरुष सबैलाई)
- परिक्षाको समयमा डेढ घन्टा समय थप र आवश्यकता भएकालाई लेख्न राइटर राख्न पाउने
- घर जग्गा पास गर्दा २५ प्रतिशत कर छुटको व्यवस्था
- सार्वजनिक सवारी साधन र हवाइ यात्रामा ५० प्रतिशत भाडा छुटको व्यवस्था

**सामाजिक सुरक्षाः**

१) नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिलाई समाजमा स्वतन्त्र र स्वावलम्बनपूर्वक जीवनयापन गर्न सक्ने गरी सक्षम बनाउन अपाङ्गता भएका व्यक्तिको योगदान रहने गरी वा तोकिएको अवस्थामा नि:शुल्क रुपमा देहाय बमोजिमका सामाजिक सुरक्षा कार्यक्रम कर्यान्वयनमा ल्याउनेछ

क) सुरक्षा तथा स्वास्थ्य सेवासहितको सामुदायिक आवास सुविधा विकास गर्न,

ख) असहाय बालबालिका तथा परिवारबाट त्यागिएका अपाङ्गता भएका व्यक्तिको लागि आवासको व्यवस्था गर्न,

ग)जीवन बिमा, स्वास्थ्य बिमा र दुर्घटना बिमा गराउन,

घ) औषधि तथा आवश्यक सहायक सामग्री उपलब्ध गराउन,

ङ) तोकिएको आधारमा बेरोजगारी भत्ता, जीवनयापन भत्ता तथा वृद्ध भत्ता उपलब्ध गराउन,

च) तोकिएको अवस्थाका अपाङ्गता भएका व्यक्तिका सहयोगीको लागि भत्ता उपलब्ध गराउन,


छ) अपाङ्गता भएका व्यक्तिको विकासका लागि सर्वमान्य ढाँचाको विकास तथा प्रयोगमा सहयोग गर्न


## अपाङ्गतालाई यसरि बुझौ


- **कमजोरी, असक्षमता, दुर्वलता, रोग, विमारी होइन, फरक क्षमता, बिशेस छमता, सधै सहयोग आबस्यक पर्ने व्यक्ति हैनन**

***तपाइ जस्तै सामान्य नागरिक हुन, अपाङ्गता मानब अधिकारको सवाल हो बिकाशको सवाल हो***

**पहुचयूक्तता र समावशाताका अबस्था**




EQUALITY
EQUITY


Thank you for your kind attendance and participation.
Any questions?
THANK YOU!
END...